# थाहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# बागमती प्रदेश, मकवानपुर ।
## पशुजन्य औषधी खरिद सम्बन्धि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना
### सूचना प्रकाशन मितिः २०८०।०२।१२

यस कार्यालय अर्न्तगतका पशु सेवा शाखा र सर्म्पूण पशु सेवा केन्दहरुमा आ.व.२०७९।८०मा थाहा नगरपालिकावाट पशु तथा पक्षिलाई निशुल्क वितरण हुने औषधी तथा सर्जिकलका सामानहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्वन्धित सवैको जानकारीको लागि यो सिलवन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

(१) सिलवन्दी दरभाउपत्र फाराम रु १,०००।-(अक्षरुपी एकहजार मात्र) पछि फिर्ता नहुने गरी यस कार्यालको कृषि विकास बैंक पालुङ शाखा हि नं ०५०८४०११५५७३८१२१ मा जम्मा गरेको सक्कल भौचर र लिखित निवेदनका साथमा फर्म दर्तापत्र , मु.अ.क.दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष २०७८।७९ को कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु पेश गरी शिलबन्दी बोलपत्र,फाराम थाहा नगरपालिकाको वेबसाइट www.thahamun.gov.np मार्फत डाउनलोड गरि प्राप्त गर्न सकिने छ ।

२) शिलबन्दी दरभाउपत्रदाताले मिति २०८०।०२।२७ गते दिनको १२.०० वजे भित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नुपर्नेछ ।म्यादभित्र दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको १.०० वजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

३) दरभाउपत्र दाताले धरौंटी वापत तपसिलमा उल्लेखित रकम यस कार्यालको कृषि विकास बैंक शाखा हि नं ०५०८४०११५५७३८०४९मा नगदै जम्मा गरेको सक्कल बैक भौचर वा कम्तीमा ७५ दिन (दरभाउपत्र दाखिला गर्ने कम्तिमा अन्तिम दिन बाट) म्याद कायम रहेको "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयका नाउंमा जारी भएको बैंक जमानत (विडवण्ड) दरभाउपत्र साथ संलग्न राख्नु पर्नेछ ।

४) दरभाउपत्र फारामको फोटोकपि गरी पेश गरेको, यस कार्यालयवाट बिक्री नभएको तथा एक व्यक्ति वा फर्मका नाउंमा बिक्री भएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको तर्फवाट पेश गरेको, फर्मको तर्फवाट कुनै शर्त राखी पेश गरेको दरभाउपत्रलाई मान्यता दिईने छैन् । साथै म्याद नांघी र रित नपुगी प्राप्त दरभाउपत्र उपर कुनै कारवाही हुने छैन् ।

(५) दरभाउपत्रमा कवोल गरिएका दर रेट अंक अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनु पर्ने छ । अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ । केरमेट भएको ठाउँमा दस्तखत गरेको हुनु पर्ने छ ।

६) आपुर्तिकर्ताले आपुर्ति गर्ने औषधिहरु उत्पादन गर्ने कम्पनीको नाम समेत उल्लेख गरी सोही अनुसार प्रत्येक औषधिको नमुना समेत अनिवार्य रुपले छुट्टै सिलवन्दि गरी पेश गर्नुपर्नेछ ,नमुना औषधि पेश नगर्ने आपुर्तिकर्ताको दरभाउपत्र दर्ता गरिने छैन ।

थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय इन्द्रायणी चौर, मकवानपुर बागमती प्रदेश, नेपाल २०७३

डम्बर बहादुर विश्वकर्मा
योजना महाशाखा प्रमुख

७) सप्लाई हुने औषधीहरुको प्रत्येक प्याकिङ्गको वाहिर उत्पादन मिति, Expiry Date व्याच नं. तथा परजिवि विरुद्धको औषधिमा "थाहा नगरपालिकावाट नि:शुल्क वितरणको लागि" भनी लेखिएको हुन पर्नेछ ।

(८) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९) आपूर्ति गरिने औषधीको मान्य अवधी मिति (Expiry Date) स्टोर दाखिला भएको दिनवाट कम्तीम १८ महिना वांकी भएको हुनु पर्नेछ र १८ महिना भन्दा कम Expiry Date भएका औषधीको हकमा स्टोर दाखिला मितिले ७५ प्रतिशत म्याद वांकी हुनु पर्नेछ ।

(१०) सप्लाई गर्ने औषधीहरुको आधिकारिक पत्र (Authority Letter) स्वदेशी कम्पनीको हकमा उत्पादकवाट र विदेशी कम्पनी भए (National Suppliers वाट लिई दरभाउपत्र साथै पेश गर्नु पर्ने छ ।

(११)सूई, धूलो, झोल औषधीहरु वाहेक अन्य सम्पूर्ण औषधीहरु strip मा मात्र आपूर्ति गर्नु पर्ने छ ।

१२) प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने संपूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१३) दरभाउपत्र स्विकृत भई यस कार्यालयले तोकेको अवधि भित्र पटक पटक वा एक पटक औषधि उपलब्ध गराउनु पर्नेछ । आपूर्ति गरिने औषधीहरुको केही अंश वा सम्पूर्ण औषधी बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम कार्यवाही हुनेछ ।

| क.सं. | ठेक्का नंवर | विवरण | लागत अनुमान | जमानत रकम |
|---|---|---|---|---|
| १ | 5/THAHA/NCB/Med/2079-80 | पशुजन्य औषधि खरिद | ९००,०००/- | ४५,०००। |

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल
२०७३

डम्बर बहादुर विश्वकर्मा
योजना महाशाखा प्रमुख